आज मिति २०८० साल भाद्र २९ गते विहान ८ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८०/०८१ को दोश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनविर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | रेकम पोखेल | लेखापाल | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गन बहादुर थापा | कार्यालय सहयोगी | |
| ५ | भगवती बुढा | स.म.वि.नि. | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को (पहिलो संशोधन) सम्बन्धमा ।

२) राष्ट्रिय परिचय-पत्र वितरणको प्रगति तथा खर्च रकम सम्बन्धमा ।

३) IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

४) प्रधानमन्त्री रोजगार कार्यक्रमको वेरोजगार व्यक्ति सूचिकृत सम्बन्धमा ।

५) विविध छलफल सम्बन्धमा।

## २०८० भाद्र २९ गते बसेको दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को (पहिलो संशोधन) सम्बन्धमा । | "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को (पहिलो संशोधन) गर्न आवश्यक देखिएको । | मिति २०८० भाद्र २५ गते सोमवारका दिन बसेको कानुन मस्यौदा समितिको वैठकबाट स्वीकृतका लागि सिफारिस भई आएको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को (पहिलो संशोधन)लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | राष्ट्रिय परिचय-पत्र वितरणको प्रगति तथा खर्च रकम सम्बन्धमा । | विभिन्न मितिहरुमा वडाहरुबाट सञ्चालन भएको राष्ट्रिय परिचय-पत्र अभियानमा खर्च अनुमोदन तथा प्रगति विवरण पेश गर्न आवश्यक देखिएको । | गाउँपालिकाको समन्वय र सहजिकरण तथा जिल्ला प्रशासन कार्यालय रोल्पाको आयोजना तथा प्राविधिक सहयोगमा मिति २०८० असाढ १८ गते देखि मिति २०८० श्रावण १४ गतेसम्म वडा स्तरमा सञ्चालन भएको राष्ट्रिय परिचय-पत्र दर्ता घुम्तिसेवामा राष्ट्रिय परिचय-पत्र वितरणको प्रगति तथा खर्च रकम अनुसूची-१ बमोजिम रहेको छ । उक्त रकममध्ये प्रति वडाको अधिकतम सिमा रु ४५ हजार कायम गरी सोहि अनुसार सम्वन्धित वजेट शिर्षकवाट भुक्तानी दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा । | यस गाउँपालिका भित्र रहेका खोलाहरुवाट नदिजन्य पदार्थको दिगो एवं वातावरणमैत्री उपयोग गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को लागि TOR स्वीकृत गर्ने । | यस गाउँपालिका भित्र रहेका लुङ्ग्री, माडि, फगाम खोला लगायतका खोलावाट नदिजन्य पदार्थको दिगो एवं वातावरणमैत्री उपयोग गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने छुट्टै कार्यविधिको व्यवस्था नभएकोले TOR स्वीकृतका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रदान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रमको वेरोजगार व्यक्ति सूचिकृत सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रमको वेरोजगार व्यक्तिहरुलाई सूचिकृत गर्न आवश्यक रहेको । | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणालिमा प्रविष्ट भएका जम्मा ८६८ जना वेरोजगार व्यक्तिहरुको सूची अनुमोदन गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | विविध छलफल सम्बन्धमा। | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br><br>क) बाल कल्याण अधिकारी तोक्ने सम्बन्धमा । | क) बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६१ उपदफा (१) र नियमावली, २०७८ को नियम ८१ उपनियम (१) बमोजिम प्रत्येक स्थानीय तहले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा बाल संरक्षणको कार्य गर्नको लागि एकजना बालकल्याण अधिकारी नियुक्ति गर्ने व्यवस्था रहेको र नियम ८१ उपनियम (४) मा उपनियम (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्ति नभएसम्म वा कुनै कारणले सो पद रिक्त भएको अवस्थामा प्रत्येक स्थानीय तहले महिला तथा बालबालिका सम्वन्धी विषय हेर्ने कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्ने व्यवस्था भएको हुदाँ सोही अनुसार महिला तथा बालबालिका शाखा प्रमुख भगवती वुढालाई बाल कल्याण अधिकारी तोक्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

...सकीय अधिकृत

...राम ...पोखरेल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | **ख)** बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने वडा छनौट सम्बन्धमा । | **ख)** बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ परिच्छद ४ बालमैत्री स्थानीय तह घोषणा दफा (२०) संख्यात्मक सूचक परीक्षण (क) बालमैत्री स्थानीय शासनका तहगत चरण सम्वन्धी विवरण अन्तर्गत (२) तयारी चरणको २.२ मा बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने वडाहरू छनौट गर्नुपर्ने व्यवस्था रहेको हुदाँ वडा नं. २, ३, ४ र ६ लाई छनौट गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंकसँगको सम्झौता सम्बन्धमा । | **ग)** सामाजिक सुरक्षा भत्ता वितरणका लागि लाभग्राहीको खाता खोल्ने, रकम जम्मा गर्ने र वितरण गर्ने प्रयोजनका लागि ग्लोवल आइ.एम.ई वैंक संग भएको संझौता नविकरण गर्नु पर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |